# महाकुलुङ राजपत्र

महाकुलुङ गाउँ कार्यपालिकाद्धारा प्रकाशितः

खण्ड २, बुङ, सोलुखुम्बु नेपाल, मंसिर ६ गते २०७६ साल

## भाग १

## महाकुलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बुङ, सोलुखुम्बु
## १ नं. प्रदेश, नेपाल

# स्थानीयस्वास्थ्य तथा सरसफाई ऐन, २०७५

<u>गाउँसभाबाट स्विकृत मितिः २०७६/०३/१०</u>

स्थानीय वासिन्दाहरुको आधारभुत स्वास्थ्य र सरसफाई जस्ता सेवा प्रदान गर्ने कार्यमा गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको ब्यवस्थापनमा स्पष्ट कानुनी ब्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ अनुसार सोही संविधानको **अनुसुचि** ८ को सुचि न. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न गाउँ सभाले यो ऐन बनाई लागू गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस ऐनलाई "**स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५**" भनिने छ ।

(ख) यो ऐन गाउँ सभाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२.परिभारषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**ऐन**" भन्नाले स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "**संघिय ऐन**" भन्नाले स्वास्थ्य सम्बन्धी संघिय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ ।

(ग) "**कार्यपालिका**" भन्नले महाकुलुङ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "**सरकारी वा सामुदायिक**" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "**निजि**" भन्नाले सेवाको सगँसगै नाफाको समेत उदेश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) "**ट्रष्ट वा लोक कल्याणकारी** "भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

(छ) "**व्यवस्थापन समिति**" भन्नाले दफा ६ अन्तर्गत बनेको स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "**अनुगमन समिति** " भन्नाले दफा ५ अनुसार गाउँ पालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "**स्वास्थ्य संस्था**" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल,प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आर्युवेदन औषधालय,आर्युवेदन केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र लाई सम्झनु पर्दछ ।

(ञ) "**प्रचलित कानुन**" भन्नाले नेपाल सरकारको राजपत्रमा प्रकाशित भई हाल कार्यान्वयनमन रहेका कानुनहरुका साथै संघिय सरकार तथा प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेका कानुन सम्झनु पर्दछ ।

(ट) "**तोकीयएको वा तोकीएबमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

# परिच्छेद -२

## आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी ब्यवस्था

**३.आधारभुत स्वास्थ्य सेवा प्रदायकहरु** :स्थानिय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ (तिन) प्रकारका हुनेछन

(क) सरकारी वा सामुदायिक : सरकारी वा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल,प्राथामिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,आर्युवेद औषधालय,आर्युवेद केन्द्र, शहरी स्वास्थ्य केन्द्र,सामुदायिक स्वास्थ्य प्रर्वद्यन केन्द्र,गाउँघर क्लिनिक,खोपकेन्द्र प्रकृतिक चिकित्सा केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन ।

(ख) निजि : निजि क्षेत्र द्धारा संचालित अस्पताल,नर्सिङहोम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला,फार्मेसीहरु निजि स्वास्थ्य सेवा प्रदायकहरु हुनेछन ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्था : ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल,स्वास्थ्य केन्द्र,घुम्ति स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछन ।

**४.स्वास्थ्य संस्थाहरुको परिभाषा र स्वास्थ्य सेवा प्रादायक आधारभुत मापदण्ड :**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड संघिय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

## ५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन,कर्तव्य र अधिकार

१) गाउँपालिका भित्र रहेर स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्ने स्थानिय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन गरिने छ।यस समितिको गठन यस प्रकार हुनेछ।

(क) गाउँपालिका अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष — सदस्य

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रयेक २ वर्षमा परिवर्तन हुनेगरी कार्यपालिकाले तोकेको १जना — सदस्य

(घ) आमा समुह र महिला स्वास्थ्य स्वंयसेविका सञ्जाल मध्ये बाट कम्तिमा एक जना दलित महिला पर्ने गरी कार्यपालिकाले तोकेको २ जना — सदस्य

(ङ) गाउँपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने संयोजक वा कार्यपालिकाको सदस्य १ जना — सदस्य

(च) गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमध्ये गाउँपालिका अध्यक्षले मनोनयन गरेको व्यक्ति एक जना - सदस्य

(छ) गाउँपालिकाको जनस्वास्थय फोकल पर्सन र अस्पतालको मेडिकल अफिसर २ जना — सदस्य

(ज) प्रमुख प्रसाशकिय अधिकृत - सदस्य

(झ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख — सदस्य सचिव

आवश्यकता अनुसार अध्यक्ष द्धारा विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्यक्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार पार्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था संचालनको लागि अनुमति , स्वीकृति, सम्बन्धि गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था संचालन तथा व्यस्थापन समितिलाई आवश्यक निर्देशन दिने,सजक र जागरुक बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागी आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायकहरुको सुची अद्यवधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका समुदायको पहिचान गरी सबैका लागी स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) गाउँपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## ६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन,काम,कर्तव्य र अधिकार

(१) सामुदायिक अस्पताल,स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य प्रर्वधन केन्द्र संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति रहने छ ।

गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संथाहरुको संरक्षक गाउँपालिकाको अध्यक्ष रहने छ ।

क) सरकारी तथा सामुदायिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन :
महाकुलुङ गाउँपालिकाका प्रमुखले तोकेको गाउँ कार्य पालिका सदस्य — अध्यक्ष

(१) गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्य — अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरिरहेका विज्ञहरु मधय बाट कार्यपालिकाले तोकेको एक जना
— सदस्य

(३) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख
— सदस्य

(४) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्य सम्बन्धित वडा समितिले मनोनित गरेको महिला एक जना — सदस्य

(५) स्वास्थ्य संस्था रहेको वडाको माध्मिक विद्यालयको प्रधानध्यापकहरु मध्य वडा समिति बाट मनोनित एक जना — सदस्य

(६) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट वडा समितिले तोकेको एक जना
— सदस्य

(७) अस्पताल प्रमुख/मेडिकल सुपरीटेन्डेन्ट
— सदस्य सचिव

(ख) स्वास्थ्य चौकी,आर्युवेद औषधालय संचालन तथा व्यवस्थापन समितिको गठन :

(१) सम्बन्धित वडाको वडा अध्यक्ष — अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्रप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवी वुद्धीजिवीहरु मध्य अध्यक्ष बाट मनोनित १ जना — उपाध्यक्ष

(३) सम्वन्धित वडामा रहेका माध्यमिक विद्यलयका प्र.अ.हरु मध्येबाट गाउँपालिकाले मनोनित गरेको १ जना — सदस्य

(४) स्थानिय व्यापार संघको प्रतिनिधि १ जना — सदस्य

(५) स्थानिय लब्धप्रतिष्ठीत स्वास्थ्य क्षेत्रका जानकार महिलाहरु मध्यबाट संरक्षक वाट मनोनित १ जना — सदस्य

(६) सम्वन्धित वडाको वडा सचिव — सदस्य

(७) स्वास्थ्य संस्था प्रमुख —सदस्य सचिव

(ग) शहरी स्वास्थ्य केन्द्र ,सामुदायिक स्वास्थ्य प्रर्वधन केन्द्र तथा अन्य स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन :

(१) सम्वन्धित वडाको वडा अध्यक्ष— अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवी वुद्धिजिवी मध्य संरक्षक बाट मनोनित १ जना — उपाध्यक्ष

(३) सम्वन्धित वडाको वडा सचिव — सदस्य

(४) सम्वन्धित वडा भित्र वसोवास गर्ने समाजसेवी , व्यवसायी ,उधोगपति, लब्धप्रतिष्ठीत स्वास्थ्य क्षेत्रका जानकार व्यक्तिहरु मध्यबाट स्वा.सं .व्यवस्थापन समितिले मनोनित गरेका १ जना महिला सहित ३ जना -सदस्य

(५) शहरी स्वास्थ्य केन्द्र ,सामुदायिक स्वास्थ्य प्रर्वधन केन्द्र प्रमुख — सदस्य सचिव

**(ग) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।**

**(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछन :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई समबन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने , स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानको लागी आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्ष,सामाजिक लेखापरपिक्षण जस्ता मूल्याङकनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारिको प्रभावकारी परिचालनको लगी सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानिय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा

अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) स्वास्थ्य संस्था नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(ज) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम , कर्तव्य तोकिए बमोजिम हुनेछ ।

**७. बैंक खाता संचालन :**

हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ ।

(१) संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयूक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा( १) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वधी मापदण्ड

**८) अस्पताल  तथा स्वास्थ्य संस्था संञ्चालन मापदण्ड :**

(१) अस्पताल : गाउँपालिका आफैले तोकिएको मापदण्ड २५ शैयासम्म क्षमताको असपताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तयार गर्नेछ ।

**(२) स्वास्थ्य चौकी /शहरी स्वास्थ्य केन्द्र :** गाउँपालिकाले प्रत्येक वडामा ( गाउँपालिका अस्पताल रहेको स्थान भन्दा ५ कि.म. भन्दा बढी दुरी भएका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर सहित) स्वास्थ्य संस्था संचालन गर्ने छ ।जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वधार पूरा गरि स्वास्थ्य संस्था संचालन गर्नुपर्नेछ ।

(क) जनशक्ति : नेपाल सरकारले कर्मचारी समायोजन गर्दा तयार पारेको खाका तथा तहगत प्रणाली अबलम्वन गरी कर्मचारी व्यवस्थापन गरिने छ । नयाँ खोल्ने स्वास्थ्य संस्थाहरुमा सहायक पाचौ तहको हे.अ. सहित कम्तिमा चार जना १ जना सहायक चौथो अ.हे.व. १ जना सहायक चौथो अ.न.मी.) र का.स १ जना सहित कर्मचारी व्यवस्था गरिने

छ । यो संख्या जनघनत्वको आधारमा महाकुलुङ गाउँपालिकाले थप गर्न सक्नेछ । बर्थिङ सेन्टरका लागि नर्सिङ कर्मचारी र का.स थप व्यवस्था गरिने छ साथै २४ घण्टे उपचार सेवा सहितको स्वास्थ्य चौकी संचालनका लागी थप जनसक्तिको व्यवस्थापन गरिनेछ ।प्रत्येक स्वास्थ्य संस्थामा क्रमश ल्याव सेवा संचालन गरीने छ । ल्याव जनशक्तिको दरवन्दी नभएका स्वास्थ्य संस्थाहरुमा करार सेवा वा ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ ।

(ख) भवन कोठा : नेपाल सरकारले तय गरेको मापदण्ड अनुसारको प्रशासन कक्ष ,औषधी भण्डार तथा वितरण कक्ष,प्राथामिक उपचार कक्ष जस्ता सुविधा सहितको भवनको व्यवस्थापन गरीनेछ ।

(ग) उपकरण : प्राथामिक उपचारका आधारभुत उपकरणहरुको व्यवस्था गरिने छ।

३) महाकुलुङ गाउँपालिकाका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा,योग,ध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्ट्रहरुसँगको साझेदारीमा वा गाउँपालिकाका आफैले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संञ्चालन गर्नुपर्नेछ ।

## ९. निजि क्षेत्रले अस्पताल संञ्चालन गर्न सक्ने

(१) महाकुलुङ गाउँपालिकाका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्धारा अस्पताल संञ्चालन गर्न चाहेमा २५

शैया सम्मको संञ्चालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफ ( १) बमोजिम अस्पताल संञ्चालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा महाकुलुङ गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी मापदण्ड पुरा गरेमा अस्पताल संञ्चालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र सहित महाकुलुङ गाउँपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा महाकुलुङ गाउपालिकाले तोकिएको समय भित्र मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृत

प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वधार तयार गरी स्वीकृतीका लागि महाकुलुङ गाँउपालिकामा निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएका अस्पताल संचालनको अनुमति प्रदन गर्न सक्नेछ ।

**१०. संचालन गर्न आवश्यक मापदण्ड :** महाकुलुङ गाउँपालिकाको स्वीकृतीमा अस्पताल संचालन हुने २५ वेड सम्मको

अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : कम्तिमा ४ जना एम.डी. डाक्टर,कम्तिमा ५ जना एम.वि.वि. एस डाक्टर,कम्तिमा ५ जना हे.अ.६ जना स्टाप नर्स, कम्तिमा ४ जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु ।

(२) भवन तथा कोठा : नेपाल सरकारको मापदण्ड अनुसारको दर्ता चलानी,वहिरंग सेवा , इमर्जेन्सी कक्ष, प्रयोगशाला ,भर्ना भएका विरामी राख्ने क्याविन,नर्सिङ कक्ष, प्रशासन कक्ष, प्रयोगशाला,भर्ना भएका विमारी राख्ने क्याविन,नर्सिङ कक्ष,प्रशासन कक्ष, पार्किङ सहितको भवन ।

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको,एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोट सिष्टम , २४ घण्टा विधुत र खानेपानी सेवा भएको अक्शिजनको व्यवस्था चिकित्साजन्य फोहोरमैला व्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ ।

(४) अस्पतालको भवन पार्किङ र खुल्ला क्षेत्रको लागि तोकिएवमोजिमको पर्याप्त जग्गा जमिन भएको हुनु पर्नेछ ।

(५) अस्पताल संचालन सम्बन्धित अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**११. पोलिक्लिनिक संचालनको अनुमती :** (१) महाकुलुङ गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले

पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकीएको मापदण्ड पुरा गरी स्वीकृत लिनुपर्नेछ ।

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, संचालनकको विवरण संचालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली महाकुलुङ गाउँपालिकाका समक्ष निवेदन दिनुपर्नेछ ।

**१२. प्रयोगशाला वा ल्याब्रोरेटरी संचालन** :व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याब्रोरेटरी संचालन गर्न चहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनुपर्नेछ ।

१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

२) प्रयोगशाला वा ल्याब्रोरेटरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात ।

३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्युनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्ने इच्छुक भएको पत्र ।

४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

५) ल्याबमा प्रयोगहुने न्यूनतम उपकरणहरुको विवरण ।

६) प्रयोगशाला संचालन सम्बन्धि अन्य मापदण्ड तोकीए बमोजिम हुनेछ ।

**१३.फर्मेसी संचालनको अनुमती :**

(१) महाकुलुङ गाउँपालिकाका क्षेत्रभित्र

फार्मेसी संचालन गर्न चाहेमा महाकुलुङ गाउँपालिकाबाट अनुमती लिनुपर्नेछ ।

(२) आधारभूत फार्मसी शिक्षा विषयमा न्युनतम ३ वर्ष अध्ययन गरेको व्यक्ति, संचालन गर्ने स्थान, विक्रि वितरण गर्ने औषधीका प्रकारहरु र प्राथामिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाणपत्र नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यलयको सिफारिस साथ आवेदन पेश गर्नुपर्नेछ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्ने छ ।

(५) फार्मेसी संचालन सम्बन्धि अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## १४. मापदण्ड पुरा नगरेमा सजाय हुने :

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने जरिवाना गराउने तथा स्वीकृती खारेजिको लागी महाकुलुङ गाउँपालिकामा सिफारिस गर्नसक्नेछ ।

(२) प्रयोगशाला तालिम प्राप्त ल्याव टेक्निसियन बाहेक व्यक्तिले रगत दिसापिसाब खकार लगाएतको परिक्षणमा संलग्न भएको पाईएमा त्यसतो प्रयोगशाला वन्द गराउन

सक्ने, संचालकलाई कालोसुचीमा राखि सोको आमजनतालाई जानकारी दिइने साथै अनुमति खारेज गर्न सकिने ।

## १५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :

निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क महाकुलुङ गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागी छुट वा मिनाह दिनुपर्नेछ ।

## १६. सेवाको अधिकतम सुल्क तोक्ने सक्ने :

गाउँपालिका क्षेत्र भित्र संचालित अस्पताल,नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक प्रयोगशाला , फार्मेसीहरुले दिईने सेवाहरुको अधिकतमा शुल्क गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

## १७. स्वास्थ्य संस्था नविकरण :

(१) यो प्रारमभ हुनु अघि नेपाल सरकारका विभिन्न निकाय/कार्यालयबाट स्वकृति लिई यस गाउँपालिकामा निजि क्षेत्र द्धारा संचालित अस्पताल,नर्सिङ होम,यस पोलिक्लिनिक वा क्लनिक,प्रयोगशाला,फार्मेसीहरुले तोकिएको मापदण्ड पुरा गरेमा तोकिएको दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

(२) स्वास्थ्य संस्था नविकरण सम्वन्धि अन्य व्यवस्था तोकिरए वमोजिम हुनेछ ।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेविका सम्बन्धि व्यवस्था

१८.स्वास्थ्य कर्मीको व्यवस्थापन : गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहेका छन् ।

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानिय माग र विशिष्टिताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ता : स्थानिय स्तरमा खुलेको स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विद्यार्थीहरु एंव गाउँपालिकाको आंशिक वा पुर्ण छात्रावृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा

अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता बढिमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वंयसेविका ।

१९. अभियानकर्ता / स्वास्थ्य स्वयमसेविकाको व्यवस्था : स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) महिला स्वयमसेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको शैक्षिक योग्यता न्युनतम एस ई.ई.अध्ययन पुरा गरेको

सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या २ हुने गरी औशत प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र वडामा अधिकतम २ जना हुनेगरी औशत ५००० जनसंख्याको लागी १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ । महिला स्वास्थ्य स्वयंसेविका र अभियानकर्ताहरु जनसंख्या र भौगोलिक क्षेत्रको आधारमा एउटा वडामा वढीमा ३ जना हुनेछन ।

(३) महिला स्वास्थ्य स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी ३० दिनको तालिम प्राप्त गरेको हुनु पर्नेछ ।

तालिम निर्देशिका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र गाउँपालिकाको स्वास्थ्य शाखाले तयार पारी लागु गर्न सकिनेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वंमसेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई भत्ताको व्यावस्था गरि बिदाई गरिने छ । र नयाँ नियुक्ति गर्दा कम्तिमा एस.ई.ई. वा सो सरह उतिर्णलाई मात्र नियुक्ति दिइनेछ ।

**२०. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव भत्ता र गाउँ

कार्यपालिकाले तोके बमोजिम अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल वा दुई पक्ष बिचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको निति बनाई लागु गराईनेछ ।

(४) अभियानकर्ता/स्वयंसेविका : पोशाक , वार्षिक रुपमा सञ्चार खर्च,सवास्थ्य संस्थालाई आवश्यकता परेको वखत कामना खटाइएमा सो दिनको पारिश्रमिक,स्वास्थ्य सेवा सम्वन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउँन सकिनेछ ।

(५) स्वयंसेवीका तथा स्वास्थ्यकर्मीलाई थप प्रोत्साहन भत्ता गाउँपालिकाले व्यवस्था गर्ने छ । स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई जोखिम भत्ता , लगायत जोखिम युक्त कार्यका लागी तोकिए बमोजिम भत्ताको व्यवस्था गरिनेछ ।

## २१. स्वास्थ्यकर्मी दरवन्दी निर्धारण र नियूक्ती :

सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहेछन । समायोजन भई नआएका वा समायोजन

भई नआउने दरवन्दीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्ने सक्नेछन ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

क ) प्रमख प्रशासकीय अधिकृत — **संयोजक**

ख)गाउँ कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना विज्ञद -**सदस्य**

ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनौट समितिले कार्यविधि वनाई कार्यविधि वमोजिम नियुक्तिका लागि कर्मचारी छनौट गर्नेछ ।

## २२. कर्मचारी सरुवा , काज र विदा

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा समायोजन पश्चात तोकीएको समय अवधी पुरा भएपछि र अन्य स्वास्थ्य कर्मीको हकमा विशेष परिस्थिति बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा गरिनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन

दिन सक्नेछन । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य शाखाको सिफारिसमा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्नसक्नेछन ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने , विषयगत दरवन्दी आवश्यक नरहेको , स्वास्थ्य समस्या पति पत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझदो कारण समेत बुझिनेछ ।

(४) उपदफा १ र २ मा जुन कुरा लेखिएको भएता पनि गाँउपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा स्वास्थ्यकर्मीहरु (स्थायी ,करार, ज्यालादारी आदि ) लाई आवश्यकता अनुसार गाउँपालिका क्षेत्र भित्रका दफा

३ (क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरि खटाउन सक्नेछ ।

कर्मचारीहरुले विदा लिई वस्नु परेमा स्विकृत गराएर मात्र विदा बस्नु पर्ने छ । कर्मचारीहरुको विदा सम्बन्धि अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

**२३. कार्य सम्पादन करार गर्नुपर्ने** :स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन देहाय वमोजिम कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुखसँग , स्वास्थ्य शाखा प्रमुखले शाखाका अरु कर्मचारी स्वास्थ्य संस्थाका प्रमुखहरु सँग तथा

स्वास्थ्य संस्थाका प्रमुखहरुले अन्य कर्मचारीहरु सँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(२) करार अवधि ६/६ महिनाको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा गाउँ कार्यपालिका समक्ष पेश गरे पश्चात गर्नुपर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**२४. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्य सम्पादन भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्यंकण गरि कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कम्जोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्य सम्पादन सम्झौता मूल्यांकन पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद – ५

### औषधी तथा स्वास्थ्य उपकरणको खरिद,भण्डारण तथा वितरण सम्बन्धी व्यवस्था

## २५. वार्षिक खरिद योजना बनाउनु पर्ने :

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोग खरिद एकाईको तयार गर्नेछ ।

## २६. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि

गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रकृया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजानिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

**२७. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ ।

(३) खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिले १५ दिनभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(४) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर,सामाजिक सुरक्षा अनुगमन सम्बन्धि व्यवस्था**

**२८. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानियस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२९. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक निति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण जनचेतनाका कार्यक्रम तथा

अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकताअनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गरिनेछ ।

(३) अति विपन नागरिक, एकल महिला ,जेष्ठ नागरिक , शारिरिक अशक्तता भएका व्यक्तिहरुका लागि उपचार कोष व्यवस्था गरि बनाई लागु गरिनेछ ।

(५) मानसिक रोग लगायत नसर्ने रोगहरु बाट हुने मृत्यु दरलाई कम गर्नको लागि नीती बनाई लागु गरिनेछ ।

**३०. सरसफई स्वाच्छताको लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एंव वायु तथा ध्वनी प्रदुर्षण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुर्षण बढाउने उद्योग संस्था वा व्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्ने सक्नेछ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड जरिवाना तथा अन्य कारवही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(४) सबै नागरिकलाई सर्वसुलभ रुपमा स्वस्थ खानेपानीको पहुँच पुर्याउनका लागि निति बनाई लागु गरिनेछ ।

## परिच्छेद – ७

## महामारी रोगथाम फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

### ३१. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक ,सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनुपर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायीक,सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराईका रोगीहरुको विवरण सम्बन्धि स्वास्थ्य

संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सुचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३२. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने ।**

(१) गाउँपालिका स्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागी Rapid Response Team गठन गरिने छ ।

(२) स्थानीय स्तरमा रोगको महामारी फैलिएको गाउँपालिकले सोको प्रभाव क्षेत्र निक्ययौंल गरी विद्यलयहरु बन्द गर्न, अस्थायी रुपमा

वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(३) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सजकता अपनाउने ,आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार,प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**३३. सूर्ती ,मदिरा तथा सूर्तीजन्य पदार्थको नियमन** :

(१) सूर्ती तथा मन्दिरा जन्य पदार्थ बिक्री वितरणको लागि

गाउँपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती ,मदिरा र लागुपदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु गाउँपालिकाले तोक्न सक्नेछ । विद्यलय, सरकारी ,कार्यलय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा,निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्नसक्नेछ ।

**३४. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रयेक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका

बैठक बाट अनुमोदन गराउनुपर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यलय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सबै घर परिवारसम्म वितरण गर्ने छन ।

(३) घर निर्माण गर्दा शौचालय ,ढल र फोहोरमैला व्यवस्थापन गर्ने विधि र घेरलु फोहोर बिसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय , र ढल फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको

क्षतिपूर्ति हानी पुर्यउने परिवारले तिर्नु पर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निष्कासित फोहोरमैला पुन प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँ कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन सम्बन्धि अन्य कार्यविधि तथा निति तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद – ८

## विविध

### ३५. प्राईभेट मेडिकल कलेज , अध्ययन संस्थान र ठुला अस्पताल सञ्चालनका लागि सिफारिस

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान , अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र गाउँपालिकाबाट सिफारिस लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्यूनिकरणका

लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बझाउनु पर्नेछ ।

**३६. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्ने :**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ ।

**३७.** आमा समुह , धामी झक्री र प्राकृतिक तथा परम्परागत सेवाको अभिलेख अद्यावधिक गरी तिनिहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३८.** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखा समक्ष बझाउनु पर्नेछ ।

**३९.** गाउँपालिकाले आधारभुत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान

गर्नको लागि अन्य सरकारी निकाय ,निजि व्यवसाय, समाजिक संघ / संस्था ,ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनिहरुबाट औषधी ,उपकरण ,विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**४०. पुनरावेदन** :

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**४१. नियम बनाउने अधिकार :**

(१) यस ऐन उदेश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले

आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**४२. संक्रमणकालीन व्यवस्था :**

यस ऐनले तोकीए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४३. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अडकाउन हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत : निष्कृत हुनेछ ।

**४४. बचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधान सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत